# आर्थिक वर्ष २०८३/८४ को

# बजेट वक्तव्य

## तिलोत्तमा नगरपालिका

## कुञ्जलापुर मणिग्राम, रुपन्देही

# तिलोत्तमा नगरपालिकाका उपप्रमुख श्री जगेश्वरदेवी चौधरीद्वारा प्रस्तुत आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य

तिलोत्तमा नगरपालिका

कुञ्जलापुर मणिग्राम, रुपन्देही

१० असार, २०८३

## आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य

**आदरणीय सभाध्यक्षज्यू, सभा सचिवज्यू, नगरसभा सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू एवंम टेलिभिजन तथा रेडियोबाट प्रत्यक्षरुपमा हेरिरहनुभएका र सुनिरहनुभएका आदरणीय नगरबासी आमाबुवा, दाजुभाइ, दिदिबहिनी तथा सम्पूर्ण महानुभावहरु लगायत सञ्चारकर्मी मित्रहरू,**

१. तिलोत्तमा नगरपालिकाको नगर उपप्रमुख एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस सम्मानित नगरसभामा आर्थिक वर्ष २०८३।८४ को बजेट प्रस्तुत गर्न उपस्थित भएकी छु । यस गरिमामय सभामा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त गौरवको अनुभूति भएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा सिर्जित अवसरहरू, सङ्घ तथा प्रदेश सरकारका नीति, कार्यक्रम तथा बजेट र प्राथमिकतामा भएका व्यवस्थाहरू समेतबाट लाभान्वित हुने दिशातर्फ यो बजेट तथा कार्यक्रम उन्मुख रहेको छ । तिलोत्तमा नगरपालिकाले हालसम्म हासिल गरेका उपलब्धिहरूलाई संस्थागत गर्दै दिगो विकास, शान्ति, सुव्यवस्था र समृद्धिको पाईलातर्फ अग्रसर हुने उद्देश्यका साथ आगामी आर्थिक वर्ष २०८३।८४ को बजेट तथा कार्यक्रम यस सम्मानित सभामा पेस गर्ने अनुमति चाहन्छु ।

२. विश्व बजारमा इन्धन आपूर्तीमा भएको अवरोधले निर्माणजन्य बस्तुको मूल्यवृद्धि तथा अपर्याप्तताले चालु आर्थिक वर्ष २०८२।८३ को लागि स्वीकृत योजना तथा कार्यक्रमको कार्यान्वयन चुनौतीपूर्ण बनेको परिस्थितिमा तिलोत्तमा नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्दैछु । यस अवसरमा म मुलुकको अग्रगामी परिवर्तन, प्रजातन्त्र र सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि इतिहासका विभिन्न काल खण्डमा भएका आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

३. यस गरिमामय नगरसभामा बजेट प्रस्तुत गरिरहँदा तिलोत्तमा नगरवासी नागरिकका आधारभूत आवश्यकताहरूको सम्बोधन गर्दै विकास र समृद्धिको आम आकाङ्क्षालाई शीघ्र सम्बोधन गर्नुपर्ने गहन जिम्मेवारी बोध भएको छ । आजसम्म हासिल भएका उपलब्धिहरूलाई संस्थागत गर्न र नगरपालिकाको विकास र समृद्धिको यात्रालाई निरन्तरता दिने मार्गमा प्रस्तुत बजेटले महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएकी छु । यस सम्बन्धमा तिलोत्तमा नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, निजी क्षेत्र, सहकारी क्षेत्र, सामाजिक सङ्घ संस्था,सरोकारवाला व्यक्तित्वहरु, सञ्चारकर्मी तथा आम नागरिकको प्रत्यक्ष एवम् परोक्ष सहयोग र ऐक्यबद्धता प्राप्त हुने कुरामा समेत म विश्वस्त छु ।

४. आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमा गर्दा नेपालको संविधानले निर्दिष्ट गरेका राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, मौलिक हकमा व्यवस्था भएका

नागरिकका आधारभूत अधिकारहरू, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा प्रचलित अन्य कानूनहरू, सोह्रौं आवधिक योजना, तिलोत्तमा नगरपालिकाको आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना, दीगो विकास लक्ष्य तथा मिति २०८३ असार ३ गते बसेको नगरसभाको २१औं अधिवेशनको प्रथम बैठकबाट स्वीकृत नीति तथा कार्यक्रमलाई महत्वपूर्ण आधारको रूपमा लिएकी छु । यसका अतिरिक्त स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, राजस्व परामर्श समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समितिहरू, राजनीतिक दल, निजी क्षेत्र, सामाजिक सङ्घ संस्था तथा विद्धत वर्ग एवम् पेसाविद्हरूबाट प्राप्त राय सुझाबहरूलाई समेत समावेश गरी बजेट तर्जुमा गरेको छु ।

**सभाध्यक्ष महोदय,**

अब म चालु आर्थिक वर्ष २०८२/८३ को हाल सम्मको प्रगति प्रतिवेदन संक्षिप्त रूपमा सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

चालु आर्थिक वर्ष २०८२/८३ मा **चालु खर्च तर्फ** रू. १ अर्ब ३ करोड ४६ लाख ६७ हजार बजेट विनियोजन भएकोमा हालसम्म रू. ७५ करोड ४ लाख ४९ हजार अर्थात करिब ७३ प्रतिशत खर्च भएको छ ।

**त्यसैगरी पुंजीगत खर्च तर्फ** रू. १ अर्ब ६२ करोड ९५ लाख ७३ हजार बजेट विनियोजन भएकोमा रू. ५३ करोड ९६ लाख ९२ हजार अर्थात करिब ३३ प्रतिशत खर्च भएको छ ।

**सामाजिक सुरक्षातर्फ** रू. ४१ करोड ६६ लाख ३५ हजार प्राप्त भएकोमा रू. ३४ करोड ५६ लाख ६७ हजार अर्थात करिब ८३ प्रतिशत खर्च भएको छ ।

चालु आर्थिक वर्षमा कुल **रू. २ अर्ब ९२ करोड ९३ लाख ४८ हजार बजेट विनियोजन** भएकोमा हालसम्म **रू. १ अर्ब ६३ करोड ५८ लाख ९ हजार** अर्थात करिब ५३ प्रतिशत खर्च भएको छ । खर्च बेहोर्ने स्रोत अन्तर्गत आन्तरिक राजस्वतर्फ रू. ३३ करोड सङ्कलन गर्ने लक्ष्य रहेकोमा हालसम्म रू. २५ करोड २९ लाख अर्थात लक्ष्यको तुलनामा करिब ७७ प्रतिशत राजस्व सङ्कलन भएको छ । त्यसैगरी सङ्घीय सरकार मार्फत रु १ अर्ब ५२ करोड ८६ लाख प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म रू. १ अर्ब ३३ करोड ९४ लाख ६६ हजार मात्र अर्थात करिब ८८ प्रतिशत रकम प्राप्त भएको छ । लुम्बिनी प्रदेश सरकारबाट रु ४ करोड ६० लाख ४४ हजार प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म रू.२ करोड ६२ लाख ७९ हजार मात्र अर्थात करिब ५७ प्रतिशत रकम प्राप्त भएको छ साथै राजश्व बाडफाँट मार्फत रु ४५ करोड ६६ लाख ८६ हजार प्राप्त हुने अनुमान रहेकोमा हालसम्म रु ३४ करोड ५३ लाख ३९ हजार

मात्र अर्थात ७५ प्रतिशत रकम प्राप्त भएको बेहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहान्छु।

अब म तिलोत्तमा नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । प्रस्तुत बजेटका उद्देश्यहरू निम्नानुसार रहेका छन:

क) समग्र कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण र बजारीकरण मार्फत उत्पादन र उत्पादकत्वमा वृद्धि गरी रोजगारी सिर्जना र गरिबी न्यूनीकरण गर्ने,
ख) नगरपालिकाबाट प्रवाह गरिने सेवालाई छिटो, छरितो, सहज, प्रविधिमैत्री, पारदर्शी र पहुँचयोग्य बनाउने,
ग) आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने,
घ) सामुदायिक विद्यालयको स्तरोन्नती तथा शिक्षाको गुणस्तर सुधार गरी विद्यालय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने,
ङ) तिलोत्तमा नगरपालिकाले अगाडी सारेको दीगो र प्रभावकारी विकासको लक्ष्यलाइ पूर्णता दिने,
च) पर्यटकीय स्थलहरूको पहिचान, संरक्षण र प्रचार प्रसार गरी पर्यटन प्रवर्धन गर्ने,
छ) विपद्को पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ र पुनःस्थापनाको कार्यलाई प्राथमिकता दिने,
ज) लक्षित वर्गका नागरिकहरूको स्रोत, साधन, अवसर र लाभमा समान पहुँच सुनिश्चित गरी समतामूलक समाजको निर्माण गर्ने ।

प्रस्तुत बजेटका उद्देश्यहरू हासिल गर्न देहायका प्राथमिकता निर्धारण गरिएको छ:

क) कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरण,
ख) सुशासन र प्रविधिमैत्री सेवा प्रवाह,
ग) सामाजिक क्षेत्रको विकास र सामाजिक सुरक्षा
घ) भौतिक पूर्वाधारको विकास,
ङ) दीगो, समावेशी तथा समन्यायिक विकास,
च) पर्यटन प्रवर्धन,
छ) रोजगारी सिर्जना र गरिबी न्यूनीकरण,
ज) विपद् व्यवस्थापन,
झ) दीगो राजश्वका आधारको पहिचान तथा राजश्व प्रशासनको सवलीकरण।

**सभाध्यक्ष महोदय,**

अब म समग्र नगरपालिकाको बजेट तथा कार्यक्रमलाई क्षेत्रगत रूपमा विनियोजन गरी प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आर्थिक विकास:**

१. छाडा चौपाया र जङ्गली जनावरहरूबाट बालीनालीलाई जोगाउन लागत साझेदारीमा सामूहिक तारबार गर्ने कार्यक्रमलाइ निरन्तरता दिन बजेट विनियोजन गरेको छु । तिलोत्तमा गौशालाको व्यवस्थापनका लागि रु २० लाख तथा बाउन्नकोटी गौशालाको क्षमता बिस्तार एवम् व्यवस्थापनका लागि रु ३ लाख बिनियोजन गरेको छु।

२. **एक वडा एक उत्पादन** कार्यक्रम अन्तर्गत गहुँको बिउ, हिउदे/वर्षे घाँसको बिउ, व्यावसायिक फलफूल खेती, व्यावसायिक फूल खेती, व्यावसायिक तरकारी खेती, चैते धान खेती र विगतमा घोषणा गरिएका धान/मकै/दुग्ध उत्पादन/च्याउ/तेलहन लगायत उत्पादन पकेट क्षेत्र कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३. १६ मौजा सिँचाइ प्रणालीलाइ व्यवस्थित गर्न रु १० लाख बिनियोजन गरेको छु, ३६ मौजा सिँचाइ प्रणालीलाई थप व्यवस्थित गर्न रु १५ लाख बिनियोजन गरेको छु। साथै तिलोत्तमा किसान कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४. उत्पादनमा आधारित दुधमा अनुदान कार्यक्रम अन्तर्गत गाई र भैंसीको दुधमा प्रतिलिटर रु. २ अनुदान उपलब्ध गराउने कार्यक्रमका लागि रु ६५ लाख विनियोजन गरेको छु।

५. कुञ्ज पार्कलाई रात्रीकालीन उद्यानको रूपमा विकास गर्दै आधुनिक लेजर लाइट सहितको म्यूजीकल वाटर फाउन्टेन सञ्चालन गर्न रु २० लाख प्रस्ताव गरेको छु । तिलोत्तमा नगरपालिका वडा नं. १३, सेमरीमा स्थापित सखिया थारू सामुदायिक होमस्टेलाई आन्तरिक पर्यटन प्रवर्धनसँग जोड्न पहुँच मार्ग विस्तारका लागि रु ५ लाख विनियोजन गरेको छु।

६. तिलोत्तमाबासी महिला आमा दिदी बहिनीहरूलाई उद्यम सँग जोड्न आवश्यक तालिम दिई उद्यमी बनाउन महिलासँग तिलोत्तमा, लघु उद्यम विकास तथा सुरक्षित आप्रवासन सहितका कार्यक्रमहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

७. सहकारी संस्थाहरूको वित्तीय कारोबारलाई पारदर्शी बनाउन र जोखिम न्यूनीकरण गर्न तथा नगरपालिकाबाट हुने नियमनलाई प्रभावकारी बनाउन सबै सहकारी संस्थाहरूलाई अनिवार्य रूपमा **सहकारी तथा गरिबी व्यवस्थापन सूचना प्रणाली (CoPoMIS)** मा आबद्ध गराउन रु १० लाख विनियोजन गरेको छु।

**पूर्वाधार विकासः**

८. आर्थिक वर्ष २०८३/८४ लाई सडक मर्मत वर्षको रूपमा घोषणा गरी तिलोत्तमा नगरपालिका क्षेत्रभित्रका आर्थिक तथा रणनीतिक महत्वका पक्की सडकहरूको मर्मत सम्भार तथा स्तरोन्नति गर्ने गरि सडक मर्मत अभियान सञ्चालन गर्न वडा कार्यालयको बजेट सँग म्याचिङ्ग गर्ने गरि रु ७ करोड ८२ लाख प्रस्ताव गरेको छु।

९. नगरपालिकाको स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन तथा तिलोत्तमालाई आवासीय तथा व्यावसायिक दृष्टिले आकर्षक क्षेत्रको रूपमा विकास गर्न ऐतिहासिक पुरानो सडकलाई स्वर्णिम र वहुवर्षिय योजनाको रुपमा निर्माण प्रारम्भ गर्न रु ५ करोड विनियोजन गरेको छु।

१०. खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरूसँगको सहकार्यमा नगरपालिकाको वडा नं. १० देखि वडा नं. १७ सम्म मासिक १० युनिट (१० हजार लिटर) सम्म पानी खपत गर्ने उपभोक्ताहरूलाई महशुलमा ५० प्रतिशत छुट दिने व्यवस्था गर्न रु २० लाख विनियोजन गरेको छु।

११. नगरको प्राथमिकता प्राप्त आयोजनाको रूपमा रहेको **एक वडा एक कि.मि. सडक कार्यक्रम**लाइ निरन्तरता दिन बजेट रकम रु ८ करोड ५० लाख विनियोजन गरेको छु।वडा कार्यालय, स्वास्थ्य संस्थाको स्तरोन्नतीका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१२. सुखौरा, रोहिणी र तिनाउ नदीबाट वर्षेनी हुने कटान नियन्त्रण गर्न तथा स्थानीय शवदाह स्थलको संरक्षण गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

**सामाजिक विकासः**

१३. सामुदायिक विद्यालयको शौक्षिक गुणस्तर र प्रभावकारी सिकाइ उपलब्धिको लागि **एक विद्यालयः एक स्मार्ट बोर्ड** कार्यक्रम अन्तर्गत स्मार्ट बोर्ड जडानका लागि रु ३५ लाख बजेट विनियोजन गरेको छु। साथै वालविकास कक्षालाइ वातानुकुलित रुपमा रुपान्तरण गर्न र वालवालिकाको पठनपाठनलाइ सहज, प्रभावकारी बनाउन सम्पुर्ण समुदायिक विद्यालयहरुमा एसी खरिद तथा जडान गर्न रु ३५ लाख विनियोजन गरेको छु।

१४. समायोजन तथा तहमिलान भएका सामुदायिक विद्यालयहरूका लागि प्रोत्साहन अनुदानको व्यवस्था गर्न रु १५ लाख विनियोजन गरेको छु, साथै प्राविधिक शिक्षाको विकासका लागि सिटिईभिटी सँगको समन्वयमा सिटि कलेजमा डिप्लोमा इन फार्मेसी र पिसिएल नर्सिङ्ग (स्टाफ नर्स) कक्षा सञ्चालन गर्न रु २० लाख प्रस्ताव गरेको छु।

१५. तिलोत्तमा नगरपालिकालाई खेलकुद हबको रूपमा विकास गर्न, ग्रास रुटबाट विभिन्न विधाका खेलाडीहरू उत्पादन गर्न वडा र नगरस्तरमा संचालनहुने विभिन्न खेलकुद

प्रतियोगिताहरू संचालन गर्न,खेल पूर्वाधार निर्माण तथा स्तरोन्नती गर्न तथा युवाहरुको सर्वाङ्गिण विकासका लागि समग्रमा रु ९९ लाख ५० हजार विनियोजन गरेको छु।

१६. आनन्दवन स्वास्थ्य चौकी एवम सेमरा बजार स्वास्थ्य चौकीमा संचालित सुत्केरी महिला हरू को निशुल्क भिडीयो X-ray सेवा, गर्भवती तथा सुत्केरी पोषण कार्यक्रम, बाल पोषण कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु। **तिलोत्तमा सुलभ ल्याब** संचालन यसै बर्षदेखि प्रारम्भ गरिने गरि आवश्यक बजेट व्यवस्था गरेको छु।

१७. आयुर्वेदिक उपचार, योग, ध्यान तथा प्रणायामलाई नागरिकको दैनिक जीवनसँग जोडी मानसिक स्वास्थ्य र नसर्ने रोगहरूको रोकथाम गर्न तथा खानपानमा सुधार गर्न भान्सा सुधार लगायतका जनचेतनामूलक कार्यक्रम गर्नेगरि समग्रमा रकम रु २८ लाख विनियोजन गरेको छु।

१८. मानव मर्यादाको नगर निर्माणका लागि विभेद तथा छुवाछुत विरुद्ध जातीय अन्तरघुलन लगायत विभिन्न सामाजिक जागरणका अभियानहरू सञ्चालन गर्दै समतामुलक नगरपालिका निर्माण गर्न तथा सामाजिक समानता, न्याय स्थापित लगायत कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**वन, वातावरण तथा विपद् व्यवस्थापन:**

१९. फोहोरमैला व्वबस्थापनका लागि निजी क्षेत्र सँग सहकार्य गर्दै दिर्घकालिन रुपमा समस्या समाधान गर्न ग्रिन तिलोत्तमा क्लिन तिलोत्तमा, नगरस्तरिय सरसफाइ , हरियाली सरक्षण र प्रबर्द्धन, जलवायू अनुकुलन, विपत जोखिम न्युनिकरण लगायत उज्यालो तिलोत्तमा कार्यक्रम तर्फ समग्रमा रु ३ करोड १७ लाख विनियोजन गरेको छु।

**सुशासन तथा संस्थागत विकासः**

२०. विद्यमान ऐन, कानुन, समसामयिक विषयवस्तु तथा कार्यसम्पादनमा आवश्यक पर्ने सिप सम्बन्धमा जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकासका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

२१. नगरपालिकाबाट सम्पादन हुने कामलाई पारदर्शी बनाई जनप्रतिनिधि तथा कर्मचारीहरूलाई नागरिक प्रति उत्तरदायी बनाउनका लागि सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण लगायतका कार्यक्रमहरू सञ्चालन गर्नको लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

२२. नगरपालिका र वडा कार्यालयहरूबाट प्रवाह हुने सेवालाई सहज र सूचना प्रविधिमैत्री बनाई अभिलेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई चुस्त बनाउन कार्यक्रम सञ्चालन गर्ने कार्यका लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

**सभाध्यक्ष महोदय,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।

आगामी आर्थिक वर्ष २०८३/८४ का नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न **रू. ३ अर्ब ५ करोड ६७ लाख ८८ हजार** विनियोजन गरेकी छु । कुल विनियोजन मध्ये चालु खर्च **रू. ९२ करोड ३८ लाख २२ हजार** अर्थात ३०.२२ प्रतिशत रहेकोमा कुल विनियोजनमध्ये पुँजीगत खर्च **रू. १ अर्व ६७ करोड ८४ लाख ६६ हजार** अर्थात ५४.९१ प्रतिशत र सामाजिक सुरक्षा खर्च **रू. ४५ करोड** अर्थात **१४.७२** प्रतिशत रहेको छ। साथै वित्तीय व्यवस्था तर्फ रु ४५ लाख अर्थात ०.१५ प्रतिशत प्रस्ताव गरेको छु।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च बेहोर्ने स्रोतमध्ये आन्तरिक राजस्वबाट **रू. ३६ करोड ६ लाख २५ हजार**, सङ्घीय सरकार र लुम्बिनी प्रदेश सरकारबाट प्राप्त हुने अन्तरसरकारी वित्तीय हस्तान्तरण तथा राजश्व बाडफाँट र नगद मौज्दातबाट **रू. २ अर्व ६९ करोड ६१ लाख ६३ हजार** बेहोरिनेछ ।

**सभाध्यक्ष महोदय,**

अन्त्यमा, तिलोत्तमा नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमामा मार्गदर्शन गर्नुहुने नगर प्रमुखज्यू, सभाका सचिवज्यू, विषयगत समितिका पदाधिकारिज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरू, नागरिक समाजका प्रतिनिधि, पत्रकार मित्रहरू र तिलोत्तमाबासी सम्पूर्ण आमाबुबा,दाजुभाई तथा दिदीबहिनिहरूबाट प्राप्त सल्लाह, सुझाव र सहयोग प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेटको कार्यान्वयनमा यहाँहरुको अपनत्व सहित रचनात्मक सहयोगको अपेक्षा गरेको छु।

धन्यवाद ।

(जगेश्वरदेवी चौधरी)
नगर उप प्रमुख

# तिलोत्तमा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, मणिग्राम रुपन्देही

### आन्तरिक आयको अनुमान (स्थानीय राजश्व मात्र)

| क्र.स. | संकेत नं. | राजस्व शीर्षक | २०८२/८३ को अनुमानित आय | २०८२/०८३ को चैत्र मसान्त सम्मको आय | २०८३/८४ को प्रस्तावित आय |
|---|---|---|---|---|---|
| 1 | 11313 | सम्पत्ति कर | ३००००००० .०० | १२२२३२४०.०० | ३००००००० .०० |
| 2 | 11314 | भूमिकर तथा मालपोत | २००००००० .०० | ३६१४४३१७.८१ | ४५०००००० .०० |
| 3 | 11321 | घर जग्गा बहाल कर | ४००००००० .०० | ३१०३५४२६.४६ | ५००००००० .०० |
| 4 | 11322 | हाटवजार बैठकी कर | १३०००००० .०० | ३३१२७७५.०० | १३५००००० .०० |
| | | ऐलानी जग्गा बहाल कर | १०००००० .०० | १४६८३३१.५९ | २०००००० .०० |
| | | पोखरी बहाल बिटौरी कर | ०.०० | ६५१००.०० | १५०००.०० |
| 5 | 11451 | सवारी साधन कर (साना सवारी) | ५०००००.०० | ३००५००.०० | ५०००००.०० |
| 6 | 14151 | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ०.०० | ०.०० | ३१६००००.०० |
| 7 | 14219 | अन्य सेवा शुल्क तथा बिक्री | १५०००००० .०० | ७४४७१७२.१२ | १५०००००० .०० |
| 8 | 14221 | न्यायिक दस्तूर | ५००००.०० | १४६००.०० | ५००००.०० |
| 9 | 14229 | अन्य प्रशासनिक सेवा शुल्क | २०००००० .०० | १२९११७६.०९ | २००००००० .०० |
| 10 | 14242 | नक्शापास दस्तूर | २५०००००० .०० | २८६४४०५८.०० | ३००००००० .०० |
| 11 | 14243 | सिफारिस दस्तूर | ५२९५०००० .०० | ३३३१९४०१.११ | ५००००००० .०० |
| 12 | 14244 | व्यक्तिगत घटना दर्ता दस्तूर | १५००००० .०० | १८६०९६०.०० | २०००००० .०० |
| 13 | 14245 | नाता प्रमाणित दस्तूर | ६०००००० .०० | ९२०८८४.०० | |
| 14 | 14249 | अन्य दस्तूर | | | १५००००० .०० |
| 15 | 14253 | व्यवसाय रजिष्ट्रेशन दस्तूर | २५००००० .०० | २०७६५५०.०० | ५०००००० .०० |
| 16 | 14312 | प्रशासनिक दण्ड जरिवाना र जफत | १५००००० .०० | ५७९३९२.०५ | १५००००० .०० |
| 17 | 14611 | व्यवसाय कर | २७५००००० .०० | १८७४८८३५.०० | ३५०००००० .०० |
| | | कवाडी निकासी कर | ३५००००० .०० | ०.०० | २०००००० .०० |
| 18 | 14313 | धरौटी सदरस्याहा | ५०००००.०० | ०.०० | ५०००००.०० |
| 21 | 33342 | मनोरञ्जन कर | १५००००० .०० | १८४६०८०.०० | १०००००० .०० |
| 22 | 33343 | विज्ञापन कर | १०००००० .०० | ६६८३३४.०० | ९०००००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| 23 | 33366 | दहत्तर बहत्तर शुल्क ठेक्काबाट | ८0000000.00 | ०.०० | ५0000000.00 |
| | | दहत्तर बहत्तर शुल्क नियमनबाट | ५000000.00 | ०.०० | २000000.00 |
| | | जम्मा | ३३0000000.00 | १८१९६७१३३.२३ | ३६०६२५000.00 |

## आ व २०८३/०८४ को एकिकृत आय विवरण

| क्र स | विवरण | बजेट रकम आ ब ०८२/०८३ | अनुमानित बजेट रकम आ ब ०८३/०८४ |
|---|---|---|---|
| १ | **स्थानीय राजश्व** | **२५०००००००** | **३०८७२५०००** |
| २ | **संघिय सरकार वित्तिय हस्तान्तरण** | **१५११६०००००** | **१२५१७०००००** |
| क | वित्तिय समानिकरण अनुदान | २३६७००००० | २४०७००००० |
| ख | समपुरक अनुदान | ५८००००० | ४०००००० |
| ग | विशेष अनुदान | २८१००००० | १९९००००० |
| घ | सशर्त अनुदान | १२४१०००००० | ९८७१००००० |
| ३ | **प्रदेश सरकार वित्तिय हस्तान्तरण** | **४६०४४०००** | **४९८०९०००** |
| क | वित्तिय समानिकरण अनुदान प्रदेश | १६५४४००० | १६७५९००० |
| ख | समपुरक अनुदान प्रदेश | १२०००००० | १२०००००० |
| ग | विशेष अनुदान प्रदेश | ० | ० |
| घ | सशर्त अनुदान प्रदेश | १७५००००० | २१०५०००० |
| ४ | **राजश्वबाडँफाड** | **२७४१८६५३५** | **२५४७७९०००** |
| क | राजश्वबाडँफाड संघ | १६९५२२५३५ | १७५९९३००० |
| ख | राजश्वबाडँफाड प्रदेश | २४६६४००० | २६८८६००० |
| ग | राजश्वबाडँफाड स्थानिय | ८००००००० | ५१९००००० |
| ५ | **घरजग्गा रजिष्ट्रेशन** | **१८०००००००** | **१८०००००००** |
| ६ | **TDF Loan** | **६२५५९०००** | **८८५०००००** |
| ७ | **अ ल्या रकम संचित कोष** | **२२७४०००००** | **३२५९०००००** |
| ८ | **अ ल्या रकम विविध विशेष कोष** | **२७५८२०४७** | |
| ९ | **सामाजिक सुरक्षा भत्ता** | **३५००००००००** | **४५००००००००** |
| १० | **भुक्तानी बाँकी** | | **१४७३७५०००** |
| | **जम्मा** | **२९२९३७१५८२** | **३०५६७८८०००** |

| सि.नं. | क्षेत्र | आ.व.२०८३/८४ को लागि प्रस्तावित व्यय | प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक विकास | ४५७४२५०००/- | १४.९६ |
| २ | सामाजिक विकास | ६७४८५५०००/- | २२.०७ |
| ३ | पूर्वाधार विकास | १०७८०७९०००/- | ६४.७३ |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन | ४३८४२९०००/- | १४.३५ |
| ५ | सुशासन तथा संस्थागत विकास | ४०८००००००/- | १३.३५ |
| **कूल जम्मा** | | **३०५६७८८०००/-** | **१००** |